REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

20th July 2024 1840 HRS

## GOVERNER MEETS CENTRAL MINISTER

सिक्किमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज नयाँ दिल्लीमा केन्द्रिय युवा मामिला तथा खेलकुद राज्यमन्त्री श्री मनसुख मण्डवियासँग भेट गर्नुभयो । भेटका क्रममा सिक्किमको खेलकुद क्षेत्रमा रहेको अपार सम्भावनाको बारेमा छलफल गरिएको राजभवनबाट जारी प्रेस विज्ञप्तिमा जानकारी गराइएको छ। यसका साथै सिक्किमका युवा खेलाडीहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्ने क्षमताको बारेमा पनि छलफल गरिएको बताइएको छ।

## Namchi and Mangan DC - Narcotics

नाम्ची जिल्लाको मासिक नार्को समन्वय बैठक जिल्लापालको कार्यालयमा सम्पन्न भयो। यस बैठकमा जिल्लामा लागुऔषध नियन्त्रणका लागि रणनीति तय गर्न विभिन्न पदाधिकारीहरुसँग छलफल गरिएको थियो । हालमा लागुऔषध कम गराउने उपायहरूको समीक्षा, लागुऔषधको प्रयोग बन्द गर्ने र लागुऔषध सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्न भविष्यका पहलहरूको योजना समावेश गरिएका थिए। बैठकको अध्यक्षता नाम्चीकी जिल्लापाल सुश्री अनुपा ताम्लिङले गर्नुभएको थियो । सुश्री ताम्लिङले लागूऔषध दुर्व्यसन न्यूनीकरणका लागि माग र आपूर्तिको श्रृङ्खलालाई अवरुद्ध गर्नुपर्ने विषयमा जोड दिनुभयो । यसैगरी, मंगनमा नार्को समन्वय केन्द्र समितिको बैठक आज मङ्गान जिल्लापालको कार्यालयमा पनि बसेको थियो। जिल्लापाल श्री अनन्त जैन को अध्यक्षतामा बसेको बैठकमा एसपी मंगन श्री सोनाम देछु भुटियालगायत विभागका अन्य अधिकारीहरु उपस्थित थिए। बैठकमा जिल्लामा लागुऔषध नियन्त्रण तथा अनुगमनका विषयमा रणनीतिक छलफल भएको थियो। समितिले नशा मुक्त भारत अभियानसँग समन्वय गरी सामाजिक कार्यमा सचेतना कार्यक्रम सञ्चालन गर्ने विषयमा पनि छलफल गरेको थियो। यस्ता कार्यक्रमहरूलाई ग्रामसभामा पनि प्रभावकारी रूपमा ग्रामीण क्षेत्रसम्म पुऱ्याउन समावेश गरिने कुरामा पनि छलफल भयो।

## IPR DEPARTMENT

विधायक-एवं सुचना तथा जन सम्पर्क विभागका सल्लाहकार श्री एलबी दासले आईपीआर विभागसँग पहिलो समन्वय बैठकको अध्यक्षता गर्नुभयो।यो बैठक विभागको काम र पहलहरूको समीक्षा गर्न बोलाइएको थियो।

## TEA PLANTATION

नाथाङ-माछोङकी विधायक श्रीमती पामिन लेप्चाले आज पारखामा चिया खेतीका लागि बिरुवा रोपण पहलको उद्घाटन गर्नुभयो। चिया उत्पादक कल्याण बोर्डद्वारा गरिएको यो पहल चिया खेतीको माध्यमबाट दिगो विकाससँगै पर्यटनको सम्भावनाहरूलाई वृद्धि गर्नु रहेको छ। यसको लक्ष्य चिया खेतीलाई परम्परागत खेती

विधिको विकल्पको रूपमा प्रस्तुत गरेर स्थानीय किसानहरूलाई कृषिमा थप दिगो दृष्टिकोण अपनाउन प्रोत्साहित गर्नु पनि रहेको बताइएको छ।

## LACHEN ROAD UPDATES

अविरल वर्षाका कारण चुङथाङ–लाचेन सडकमा बारम्बार पहिरो जाने र ढुङ्गा खस्ने खतरा बढ्दै गएको छ। फलस्वरूप, सडक हाल एकतर्फी आवागमनका लागि मात्र खुला गरिएको छ। लाचेनका बासिन्दाका निजी सवारी साधनहरू, सुरक्षा व्यवस्थाका लागि काम गर्ने सवारी साधनहरू, र आपतकालीन सेवाहरूका लागि मात्रै निश्चित समय तालिका अनुसार सडक खुला रहने मंगन जिल्लाका जिल्लापाल श्री अनन्त जैनले जानकारी दिनुभएको छ। चुङ्थाङदेखि लाचेनसम्म बिहान 6 बजे देखि 8 बजेसम्म अनि साँझ 4 बजेदेखि साँझ 5:30 बजेसम्म, लाचेनदेखि चुङ्थाङ बिहान 8 बजेदेखि 10 बजेसम्म अनि साँझ 5:30 देखि बेलुका 7 बजेसम्म मात्र वाहनहरूका लागि सडक खुल्ला गरिएको छ। सिमा सडक सङ्गठनलाई सडक सुधार गर्न दिनका लागि बिहान 10 बजेदेखि साँझ 4 बजेसम्म सडक मार्ग बन्द गरिएको छ।

## Nasamukt Bharat abhiyan

नशा मुक्त भारत अभियान' अन्तर्गत आयोजित खुला म्याराथनका लागि आज नाम्ची जिल्लापालको कार्यालयमा एक बैठक सम्पन्न भयो। बैठकको अध्यक्षता नाम्चीकी जिल्लापाल सुश्री अनुपा ताम्लिङले गर्नुभएको थियो। बैठकमा जिल्लापाल नाम्चीले समाज कल्याण विभाग र खेलकुद विभागसँगको सहकार्यमा आगामी 3 अगस्ट 2024 मा नशा मुक्त भारत अभियान अन्तर्गत खुला म्याराथन आयोजना गर्ने निर्णय लिएको जानकारी गराउनु भयो। म्याराथनमा चार विधा हुनेछन् जसमा पुरुष वर्ग खुल्ला -18 वर्ष र माथि, महिला वर्ग खुल्ला - 18 वर्ष र माथि, किशोर वर्ग खुल्ला - 15 देखि 17 वर्ष र किशोरी वर्ग खुल्ला - 15 देखि 17 वर्ष उमेर समुहका रहनेछन्। सहभागीहरूले नि:शुल्क नाम दर्ता गराउन सक्नेछन्। विजेताहरूलाई नगद पुरस्कारसहित पदक र प्रमाणपत्र प्रदान गरिनेछ।